झिमरुक गाउँपालिका

# झिमरुक राजपत्र

खण्डः६ संख्याः ९ मितिः २०८०/०८/१३

भाग २

झिमरुक गाउँपालिका

प्रस्तावित मिति २०८०/०८/१३
पारित मिति २०८०/०८/१३

# सहकारी सञ्जाल (गठन तथा परिचालन सम्बन्धी) कार्यविधी,२०८०

प्रस्तावना:

आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने मर्मलाई आत्मसात गर्दै झिमरुक गाउँपालिकाभित्र सञ्चालित सहकारी संस्थाहरुको प्रवर्द्धन र नियमन गर्न साथै सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्न, सहकारीको माध्यमबाट सहकारी खेती, उद्योग, बस्तु तथा सेवा व्यवसाय सञ्चालन कार्य प्रभावकारी रुपले समयानुकूल अगाडि बढाउन वाञ्छनीय भएकोले झिमरुक गाउँपालिकाको सहकारी ऐन, २०७४ को दफा १०१ ले दिएको अधिकार प्रयोग गरी ....... औं कार्यपालिकाको बैठकले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिकः

## 1) संक्षिप्त नाम र प्रारम्भ:

1. यो कार्यविधिको नाम “झिमरुक गाउँपालिकाको सहकारी सञ्जाल ( गठन तथा परिचालन सम्बन्धी) कार्यविधी, २०८० “ रहेको छ।
2. यो कार्यविधि कार्यपालिकाबाट पारित भएपछि लागू हुनेछ।

## 2) परिभाषा:

1. “अध्यक्ष” भन्नाले झिमरुक गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।
2. “उपाध्यक्ष” भन्नाले झिमरुक गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।
3. “गाउँपालिका” भन्नाले झिमरुक गाउँपालिकालाई सम्झनु पर्छ।
4. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले झिमरुक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।
5. “सचिव” भन्नाले सहकारी सञ्जालको सचिवलाई सम्झनु पर्छ।
6. “सदस्य” भन्नाले सहकारी सञ्जालको सदस्यलाई सम्झनु पर्छ र सो शब्दले सहकारी सञ्जालकका संयोजक, सह संयोजक, सचिव र सदस्यलाई समेत जनाउदछ।
7. “सल्लाहकार समिति” भन्नाले कार्यविधिको दफा ७ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ।
8. “सहकारी शाखा प्रमुख” भन्नाले गाउँपालिकाको सहकारी हेर्ने शाखाको प्रमुख कर्मचारीलाई सम्झनु पर्छ।
9. “सहकारी सञ्जाल” भन्नाले झिमरुक गाउँपालिकाले कार्यविधिको दफा ६ बमोजिम गठन गरेको सहकारी संस्थाहरुको छाता संगठनलाई  सम्झनु पर्छ।
10. “सहकारी विज्ञ” भन्नाले सहकारी क्षेत्रमा कम्तिमा ५ वर्ष अनुभव प्राप्त व्यक्तिलाई सम्झनु पर्छ।
11. “सह-संयोजक” भन्नाले सहकारी सञ्जालको सह-संयोजकलाई सम्झनु पर्छ।
12. “सहकारी हेर्ने विषयगत समितिको संयोजक” भन्नाले गाउँपालिकाको सहकारी हेर्ने विषयगत समितिको संयोजकलाई सम्झनु पर्छ।
13. “संयोजक” भन्नाले सहकारी सञ्जालको संयोजकलाई सम्झनु पर्छ।
14. “संरक्षक” भन्नाले सहकारी सञ्जालको संरक्षकलाई सम्झनु पर्छ।

## 3) उद्देश्यः

गाउँपालिकामा संघीय सरकारबाट हस्तान्तरण भै आएका सहकारी संस्था र गाउँपालिकाबाट दर्ता गरी कारोवार सञ्चालन गरेका सहकारी संस्थालाई समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त एवं स्वशासित संगठनको रुपमा सञ्चालन गर्न र संस्थाका सदस्यहरुको आर्थिक विकासमा समेत टेवा पुर्याउन सञ्चालको उद्देश्य निम्न अनुसार हुनेछन्ः

1. सहकारी कानूनले निर्दिष्ट गरे बमोजिम सहकारी संस्थाले सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप कारोवार सञ्चालन गर्न सहयोगीको भूमिका निर्वाह गर्ने।
2. गाउँपालिकाका सहकारीलाई सहकारी खेती, उद्योग, बस्तु तथा सेवा, व्यवसायको माध्यमबाट आत्मनिर्भर बन्न सहयोग पुर्याउने।
3. प्रदेश र संघीय सरकारसंग समन्वय र सहकार्य गरी गाउँपालिकामा सञ्चालित सहकारीलाई आर्थिक सहयोग उपलब्ध गराउन सहयोगी भुमिका निर्वाह गर्ने।
4. सहकारी संस्थामा सुशासन कायम राख्न गाउँपालिका भित्रका सहकारीहरु वीच समन्वय र सह-कार्य गर्ने।
5. गाउँपालिकाको आवश्यकताका आधारमा सहकारीको माध्यमबाट बस्तु तथा सेवाको उत्पादन, प्रशोधन, बजारिकरण लगायतका कार्य गर्न  समन्वयात्मक भुमिका निर्वाह गर्ने।
6. सहकारीको माध्यमबाट शित भण्डार निर्माण, सहकारी पसल सञ्चालन, उद्योग, कृषी उपज तथा अन्य वस्तु तथा सेवा व्यवसाय लगायतका व्यवसायिक कार्यमा अभिप्रेरित गर्ने र आवश्यक परेमा गाउँपालिकासंग साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने।
7. सहकारी शिक्षाको माध्यमबाट स्थानीय नागरिकको आर्थिक, सामाजिक र सांस्कृतिक उन्नयनमा टेवा पुर्याउने।
8. सहकारी सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सहयोग पुर्याउने।

4) **सहकारी सञ्जालको कार्यक्षेत्र :** सञ्जालको कार्य क्षेत्र गाउँपालिकाका सबै वडाहरु भित्र रहने छ।

5) **कार्यालय ब्यवस्थापन:** सञ्जालको आफ्नो कार्य सञ्चालनको लागि एक कार्यालय रहनेछ। पत्राचार, ठेगाना, सम्पर्क नम्बर, सञ्जालले तोके बमोजिम हुनेछ। यसको जानकारी गाउँपालिका र सम्बन्धित निकायहरुमा समेत गराइनेछ।

## परिच्छेद-२

## सञ्जाल र सल्लाहकार समितिको गठन तथा काम, कर्तव्य र अधिकार:

6) **सञ्जालको गठन:**

1. गाउँपालिका भित्र कार्यक्षेत्र रहेका र क्रियाशील विषयगत तथा बहुउद्देश्यीय सहकारी संस्थाहरुबाट प्रतिनिधित्व हुने गरि ९ सदस्यीय झिमरुक गाउँपालिका स्तरीय सहकारी सञ्जाल देहाय बामोजिम गठन गर्न सकिनेछ:

| | | |
|---|---|---|
| 1. | संयोजक | १ |
| 2. | सह-संयोजक | १ |
| 3. | सदस्यहरु | ६ |
| 4. | सचिव | १ |

2. सञ्जालका पदाधिकारीहरु गाउँपालिकाका सबै क्रियाशिल सहकारी संस्थाका सञ्चालक समितिका अध्यक्ष/पदाधिकारी मध्येबाट प्रत्येक वडाबाट कम्तिमा १ जना रहने गरी छनौट हुनेछन्।
3. सञ्जालका पदाधिकारीहरुको पदावधी तीन वर्ष हुनेछ।
4. सञ्जालमा संभव भएसम्म कम्तिमा तेत्तिस प्रतिशत महिला छनौट गरिनेछ।
5. अध्यक्ष सञ्जालको संरक्षक हुनेछ।
6. गाउँपालिकाका सबै क्रियाशिल सहकारी संस्थाले उपदफा १ बमोजिमको सञ्जाल गठनको लागि प्रतिनिधि पठाउनु पर्नेछ। ती प्रतिनिधिहरुले आफु मध्येबाट संयोजक लगायतका पदाधिकारीरुको छनौट गर्नुपर्नेछ।
7. कार्यपालिकाले जुनसुकै बखत संजालको विघटन गर्न सक्नेछ।

8. सञ्जालले प्रत्येक चौमासिक र वार्षिक रुपमा सल्लाहकार समिति समक्ष प्रगति प्रतवेदन पेश गर्नु पर्नेछ।

9. सहकारी सञ्जालको पदाधिकारीहरुको सेवा सुविधा तथा वैठक व्यवस्थापन सम्बन्धी खर्च सञ्जालले तोके बमोजिम हुनेछ।

## 7) सल्लाहकार समिति:

1. दफा ६ बमोजिम गठन भएको सञ्जाललाई आवश्यक सल्लाह, निर्देशन दिन र आवश्यक समन्वय गर्न तपशिल बमोजिमको सल्लाहकार समिति रहनेछ:

   1. अध्यक्ष -संयोजक
   2. उपाध्यक्ष -सह-संयोजक
   3. प्रमुख प्रशासकीय अधिकृत -सदस्य
   4. सहकारी हेर्ने विषयगत समितिको संयोजक -सदस्य
   5. सहकारी शाखा प्रमुख -सदस्य-सचिव

2. समितिले आवश्यकता अनुसार गाउँपालिकाको अन्य कार्यपालिका सदस्य, शाखा प्रमुख र सहकारी विज्ञलाई पनि बैठकमा आमन्त्रण गर्न सक्नेछ।

3. अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बैठक बोलाउन र बैठक सम्वन्धी आवश्यक व्यवस्थापन गर्नेछ।

4. समितिको राय, सल्लाह र सुझाव गाउँपालिकाका सहकारी संस्था साथै सदस्यको आर्थिक उन्नतिमा केन्द्रित रहनेछ।

5. उपदफा ४ बमोजिम सल्लाहकार समितिको सुझाव दफा ६ बमोजिम गठित सहकारी सञ्जालको लागि मार्गदर्शन हुनेछ।

6. सल्लाहकार समितिको सेवा सुविधा तथा वैठक व्यवस्थापन सम्बन्धी खर्च गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका बमोजिम हुनेछ।

## 8) सञ्जालको बैठक सम्बन्धी व्यवस्था:

1. संयोजकले तोकेको मिति, समय र स्थानमा सचिवले संजालको बैठक बोलाउनेछ।

2.संयोजकको निर्देशनमा सचिवले बैठक बस्नु भन्दा कम्तिमा १ (एक) दिन अघि बैठकका विषयको जानकारी सबै सदस्यहरुलाई गराउनु पर्नेछ।

3.सञ्जालमा बहुमत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ। मत बराबर भएमा संयोजकले निर्णयाक मत दिनेछ।

4.सञ्जालको बैठकका विषय र निर्णय सहकारीको मूल्य, मान्यता, सिद्धान्त र प्रचलित सहकारी कानून बमोजिम सहकारी संस्थाको प्रवर्द्धन, विकास र सदस्यको आर्थिक उन्नतिमा केन्द्रित रहनेछन।

5. सञ्जालको बैठकको निर्णयपुस्तिका संयोजकले प्रमाणित गर्नेछ।

6. सञ्जालको दुई बैठक बीचको अन्तर तीन महिना भन्दा बढि हुने छैन।

## 9) सञ्जालको काम, कर्तव्य र अधिकार:

1. दफा ३ बमोजिमको उद्देशय प्राप्तिका लागि गाउँपालिकासंग प्रत्यक्ष रुपमा सहकार्य गरी गाउँपालिकास्तरीय सहकारीहरुको विकासमा प्रभावकारी भूमिका निर्वाह गर्ने।

2.प्रत्येक वर्ष प्रथम चौमासिक अवधिभित्र कम्तिमा एकपटक गाउँपालिकास्तरीय सहकारी संस्थाहरुको भेला गर्ने।

3.गाउँपालिकाभित्र कार्यक्षेत्र रहेका सहकारी संस्थाहरुकोलागि गाउँपालिकाले आवश्यक सहकारी सम्बन्धी तालिम तथा कार्यक्रम सञ्चालन गर्दा गाउँपालिका र स्थानीय गैर सरकारी संघ संस्था, गैर नाफामुलक संघ संस्था तथा सहकारी संस्थासंग समन्वय र सहकार्य गर्ने।

4.गाउँपालिकाभित्र कार्यक्षेत्र रहेका विषयगत र बहुउद्देश्यीय सहकारी संस्थाहरुको विस्तृत विवरण समावेश गरी प्रत्येक वर्ष साउन मसान्तभित्र तथ्याङ्क सार्वजनिक गर्ने।

5. उपदफा ४ बमोजिम तथ्याङ्क संकलन गर्दा सञ्जालले आवश्यक नमूना फारामहरु तयार गर्न सक्नेछ।

6. गाउँपालिकास्तरीय सहकारीको समग्र विकासको लागि गाउँपालिकालाई आवश्यक राय, सुझाव र पृष्ठपोषण गर्ने।

# परिच्छेद-३

# विविध

## 10) सहकारी कोषको व्यवस्थाः

1. गाउँपालिका भित्र कार्यक्षेत्र रहेका सहकारीको समग्र विकासको लागि सहकारी कोषको व्यवस्था गरिनेछ।
2. गाउँपालिका, प्रदेश, संघीय सरकार, गैरसरकारी तथा गैर नाफापूलक संघ संस्थाबाट कोषको लागि प्राप्त रकम यसै कोषमा जम्मा हुनेछ।
3. कोषको सञ्चालन सञ्जालको संयोजक र सचिवको संयुक्त दस्तखतबाट हुनेछ।
4. उपदफा (२) बमोजिमको कोषको रकम दफा ७ बमोजिम गठित सल्लाहकार समितिको निर्देशनानुसार बैंकमा जम्मा गरिनेछ।
5. कोषको रकमको कारोवारको लेखा दोहोरो लेखा प्रणाली अनुसार राख्नु पर्नेछ।
6. उपदफा (५) बमोजिमको लेखाको लेखापरीक्षण प्रत्येक वर्ष रजिष्टर्ड लेखापरीक्षकबाट गराउनु पर्नेछ।
7. सञ्जालले लेखापरीक्षण प्रतिवेदन उपदफा (२) बमोजिमको कोषमा रकम जम्मा गर्ने निकायहरुमा पनि पठाउनु पर्नेछ।

## 11) खारेजी र बचाउः

1. सञ्जालद्वारा संचालित सम्पूर्ण काम कारवाही गाउँपालिका र सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम व्यवस्थित हुनेछन।
2. उपदफा (१) बमोजिमका काम कारवाही गाउँपालका र सहकारीका प्रचलित कानूनसंग बाझिएमा स्वत: खारेज हुनेछन्।

आज्ञाले
पवन कुमार शाही
(प्रमुख प्रशासकीय अधिकृत)